ネパール語

"फुकुओकामा कोरोनाप्रति सावधान" को घोषणा र उप्रान्त चालिने कदमहरू बारे

फुकुओका प्रान्तमा, नोभल कोरोना भाइरस संक्रमित व्यक्तिहरूको संख्यामा आएको तीव्रतालाई मध्यनजर राखी डिसेम्बर 12 मा "फुकुओकामा कोरोनाप्रति सावधान" को घोषणा गरिएको छ । प्रान्तवासीहरूलाई, उप्रान्त संक्रमणको फैलावट रोकथामको लागि निम्न कार्यहरूलाई निरन्तरता दिन अनुरोध गर्दछौं ।

○भीडभाडहुने समय अवधि र स्थानबाट टाढा रहने । बाहिर निस्कन पर्दा, आफ्नो स्वास्थ्य अवस्था, गन्तव्य स्थलको संक्रमण स्थिति, प्रयोग गर्ने सुविधा भवनको संक्रमण रोकथामका गतिविधिका बारेमा सावधानीपूर्वक बुझेर निर्णय लिने ।

○सामुहिक भोजनको लागि, "संक्रमण रोकथाम घोषणाको स्टिकर" भएको भोजनालय, जसले संक्रमण रोकथाममा कडा उपाय अपनाएको छ, त्यसको प्रयोग गर्नुहोस्, कुराकानीको क्रममा मास्क लगाउनुहोस् र  ठूलो आवाज निकाल्ने नगर्नुहोस ।




○वृद्धवृद्धा आदि गम्भीर बिरामी हुने सम्भावना भएका व्यक्तिलाई सङ्क्रमण नहोस् भनी, वृद्धवृद्धासँग भेटघाट हुने अवसर धैरै हुने व्यक्तिले सतर्कतासाथ कदम चाल्नु पर्छ ।

○ज्वरो आएको आदि शरीरमा सञ्चो अनुभव नभएको बेला छिटो भन्दा छिटो चिकित्सा संस्थामा जाँच गराउनुहोस् ।

○परीक्षणको नतीजा सकारात्मक आइ लक्षण हल्का देखिएको वा लक्षण नदेखिएको खण्डमा, स्वास्थ्य केन्द्रद्वारा निर्देश गरिएको आवासिय उपचार भवनमा रहने आग्रहको पालना गर्नुहोस् ।